चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ | सङ्ख्याः ७ | मितिः २०७५/०४/०८

## भाग - २

## चिचिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

## विद्यालय शिक्षक व्यवस्थापन तथा करार शिक्षक छनौट कार्यविधि, २०७५

**प्रस्तावनाः**चिचिला गाउँपालिकामा परिवर्तित संवैधानिक व्यवस्था तथा शासकीय संरचनाले सिर्जना गरेका शैक्षिक अवसर, दायित्व, क्षेत्राधिकार, कर्तव्य र जिम्मेवारीलाई व्यवस्थित गर्न, गाउँपालिका सरहदमा रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय लगायतका शैक्षिक निकायहरुमा विद्यमान बहुआयामिक जटिलताहरुको यथोचित व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुनिश्चितता प्रदान गर्न, र

चिचिला गाउँपालिकाको शिक्षा सम्बन्धी कार्यविधि, २०७५ ले तय गरेको मार्गचित्रलाई कार्यान्वयन तहमा पुरक कार्यविधि तथा मापदण्डको रुपमा सामुदायिक विद्यालयमा विद्यालय शिक्षक व्यवस्थापन तथा रिक्त रहन जाने शिक्षकको करार पदपूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिन कार्यविधि तयार गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको सूचीको खण्ड (८) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षाको कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २१४ बमोजिम गठित गाउँ कार्यपालिकाको कार्यालयले 'विद्यालय शिक्षक व्यवस्थापन तथा करार शिक्षक छनौट कार्यविधि, २०७५' तयार गरी लागु गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यालय शिक्षक व्यवस्थापन तथा करार शिक्षक छनौट कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि चिचिला कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले चिचिला गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "परीक्षा" भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा लिइने परीक्षा भन्ने सम्झनु पर्दछ।

(च) "विद्यालय शिक्षक व्यवस्थापन" भन्नाले चिचिला गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले विद्यालयमा रिक्त रहन गएको शिक्षक पदमा परीक्षा लिने शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ।

(ज) "विद्यालय शिक्षक व्यवस्थापन समिति" भन्नाले चिचिला गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरिने शिक्षक छनौट गर्ने समिति सम्झनु पर्छ।

(झ) "स्रोत केन्द्र" भन्नाले पञ्चकन्या आधारभूत विद्यालय, चिचिला स्रोत केन्दलाई सम्झनु पर्दछ।

(ञ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयलाई सम्झनु पर्दछ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,-

(क) सामुदायिक विद्यालयमा रिक्त रहन जाने शिक्षकको दरबन्दीमा करार पदपूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिने।

(ख) चिचिला गाउँपालिकाको स्रोतबाट शिक्षक व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाइ उपलब्धि बृद्धि गर्ने ।

## परिच्छेद–२

## शिक्षक छनौट समिति सम्बन्धी ब्यबस्था

४. **शिक्षक छनौट समितिः** (१) सामुदायिक विद्यालयमा रिक्त रहन गएको शिक्षक दरबन्दीमा करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्ने देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा तथा युवा शाखा प्रमुख वा विद्यालय निरीक्षक / शाखा अधिकृत – सदस्य

(ग) साविक जिल्ला शिक्षा कार्यालय, संखुवासभाले सुचीकृत गरेका विज्ञहरुमध्येबाट विषयविज्ञ २ जना – सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद–३

## विद्यालय शिक्षक व्यवस्थापन समिति सम्बन्धी ब्यबस्था

५. **विद्यालय शिक्षक व्यवस्थापन समितिः** (१) चिचिला गाउँपालिकाको स्रोतबाट शिक्षक व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनार्थ शिक्षक नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ,-

(क) गाउँ शिक्षा समितिको अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा तथा युवा शाखा प्रमुख वा विद्यालय निरीक्षक – सदस्य

(घ) साविक जिल्ला शिक्षा कार्यालय, संखुवासभाले सुचीकृत गरेका विज्ञहरुमध्येबाट विषयविज्ञ २ जना – सदस्य

(ङ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(च) माध्यमिक विद्यालयका प्र.अ. मध्येबाट एक जना -सदस्य

(छ) स्रोत व्यक्ति –सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(३) समितिका पदाधिकारीहरुलाई परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनमा खटिए बापत प्रतिदिन दुई हजार रुपैयाँका दरले भत्ता उपलब्ध गराइनेछ ।

(४) लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अन्तर्वार्ता लिने प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको व्यक्तिको संयोजकत्वमा एक जना विषय विज्ञ र विद्यालय निरीक्षक रहनेछ ।

चिचिला गाउँपालिका

## परिच्छेद–४

## विज्ञापन प्रकाशन सम्बन्धी प्रक्रिया

६. **विज्ञापन प्रकाशनः** (१) चिचिला गाउँपालिकाको स्रोतबाट शिक्षक व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनार्थ शिक्षक नियुक्तिका लागि

चिचिला गाउँ कार्यपालिकाको कार्यालयले नै वितरण गरीएका दरबन्दीहरुको विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(२) विद्यालयमा शिक्षकको पद रिक्त रहन गएको प्रमाण सहित विद्यालयले करार पदपूर्तिका लागि गाउँपालिकाबाट अनुमति माग गर्नुपर्नेछ । पेश गरिएका कागजातका आधारमा गाउँपालिकाबाट शिक्षक नियुक्तिको लागि निर्देशन सहित अनुमति प्रदान गर्नेछ । अनुमति पत्रसाथ संलग्न निर्देशन बमोजिम विद्यालयले विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(३) रिक्त पदपूर्तिका लागि १५ दिनको म्याद राखी गरिएको विज्ञापन स्थानीय संचार माध्यमबाट प्रकाशन वा प्रशारण गराउने, विद्यालय, सम्बन्धित स्रोतकेन्द्र र यस कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

(४) विषय विज्ञ परीक्षाको अघिल्लो दिन मात्र छनौट गरी सम्बन्धित विज्ञलाई जानकारी गराउनुपर्नेछ।

(५) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्वीकृत पाठ्यक्रम बमोजिमको हुनेछ।

(६) परीक्षा दस्तुर शिक्षक सेवा आयोगले लिने तहगत परीक्षाका लागि तोके बमोजिम हुनेछ।

(७) आवेदन फाराम विद्यालयले उपलब्ध गराउनुपर्नेछ।

(८) सम्पर्क मितिका दिन परीक्षा कार्यतालिका सार्बजनिक गर्नुपर्नेछ।

(९) दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारको प्रवेशपत्र जारी गरी नामावली प्रकाशन गर्नुपर्नेछ।

(१०) तर गा.पा. बाट सिर्जना भएको शिक्षक दरबन्दीको हकमा गणित/बिज्ञान र कम्प्युटर शिक्षा विषयमा अध्यापन अनुमतिपत्र प्राप्त शिक्षक प्राप्त हुन नसकेमा सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनुपर्नेछ । कम्प्युटर विज्ञान र गणित तथा विज्ञान विषयको हकमा बाहेक अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ। कम्प्युटर विज्ञान शिक्षककमा आवेदन दिने

उम्मेदवार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएतापनि मान्यताप्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टलस्, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ सम्बन्धी कम्प्युटर तालिम लिएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन ।

(११) विज्ञापन गरिने विभिन्न तहहरु माध्यमिक, आधारभूत (नि.मा.) र आधारभूत (प्रा.) का शिक्षकहरुको परीक्षा दस्तुर क्रमशः एक हजार रुपैयाँ, सात सय रुपैयाँ र पाँच सय रुपैयाँ हुनेछ।

(१२) माथि उल्लिखित बमोजिमका परीक्षामा नेपाली नागरिकले मात्र उम्मेदवारी दिन सक्नेछन्।

## परिच्छेद–५
## प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालन

७. **परीक्षा सञ्चालनः** (१) परीक्षा सञ्चालन समितिले तय गरेको समय तालिका बमोजिम हुनेछ।

(२) प्रश्नपत्र निर्माणमा समिति जिम्मेवार, उत्तरदायी र जवाफदेही हुनेछ तर प्रश्नपत्रको निर्माण सम्बन्धि काम विषय विशेषज्ञबाट मात्र गरिने छ।

(३) प्रश्नपत्रको गोपनियता भङ्ग भएमा गोपनियता भङ्ग गर्नेलाई ऐन तथा नियमावली बमोजिम कारवाही हुनेछ।

(४) प्रश्नपत्र निर्माण गर्दा समितिले ब्यवस्थित विधि अपनाउनु पर्नेछ।

(५) प्रश्नपत्रको शुद्धाशुद्धी अनिवार्य रुपमा गर्ने वा गराउने ब्यवस्था हुनुपर्नेछ।

(६) प्रश्नपत्र पाठ्यक्रमले तोके बमोजिम निर्माण गर्नुपर्नेछ।

(७) परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष सम्बन्धित विद्यालयका प्रधानाध्यापक हुनेछ ।

(८) चिचिला गाउँपालिकाको स्रोतबाट शिक्षक व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पूर्ति गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनका लागि शिक्षक नियुक्तिका लागि चिचिला गाउँपालिकाले बिज्ञापन गरेका परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष प्रमुख प्रशासकीय अधिकृत हुनेछ।

(९) परीक्षा केन्द्र समितिले तोकेको स्थानमा रहनेछ।

(१०) परीक्षार्थीहरुको हाजिरी उतार गरी परीक्षासँग सम्बन्धित कागजातका साथ राख्नुपर्नेछ।

(११) परीक्षण गरिएका उत्तर पुस्तिका सम्बन्धित विद्यालयले ६ महिनासम्म सुरक्षित राख्नुपर्नेछ।

(१२) परीक्षार्थीले परीक्षाको नियम उल्लङ्घन गरेमा निष्कासन समेत गर्न सकिनेछ।

(१३) परीक्षा सञ्चालन गर्दा नियुक्त गरिने विषय विशेषज्ञ, परीक्षा समितिका पदाधिकारीलाई प्रतिदिन दुई हजार रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ। परीक्षामा खटिने कम्प्युटर अपरेटर र कार्यालय सहयोगीलाई दैनिक क्रमशः दुई हजार रुपैयाँ र पाँच सय रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराइनेछ।

(१४) परीक्षा समितिका सदस्यहरु नै परीक्षा सञ्चालन गर्दा केन्द्राध्यक्ष, सुपरीवेक्षक निरीक्षक रहनेछ। तर सो बापतको पारिश्रमिक उपलब्ध गराइनेछैन।

## परिच्छेद–६

## उत्तर पुस्तिका परीक्षण तथा नतिजा प्रकाशन र नियुक्ति

८. **उत्तरपुस्तिका परीक्षणः** (१) उत्तर पुस्तिका परीक्षणका लागि कोडिङ तथा डिकोडिङ शिक्षा हेर्ने अधिकृत /वि.नि./स्रोतव्यक्ति मध्ये कुनै एक बाट गरी परीक्षकलाई बुझाउनुपर्नेछ।

(२) विषयविज्ञले उत्तर कुञ्जिका तयार गरी पेश गर्नुपर्नेछ।

(३) विषयगत र बस्तुगत प्रश्न फरक फरक समयमा विशेषज्ञबाट परीक्षण गराउनुपर्नेछ ।

(४) बस्तुगत तथा विषयगत परीक्षाको प्राप्ताङ्कको जोड गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम शिक्षक सेवा आयोगले तयार गरेको मापदण्ड बमोजिमको संख्यामा बर्णानुक्रमका आधारमा प्रकाशन गर्नुपर्नेछ ।

(५) समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुको मौखिक परीक्षा संचालन गर्नेछ ।

(६) कम्प्युटर विषयहरुमा प्रयोगात्मक परीक्षा समेत संचालन गरिनेछ ।

(७) उम्मेदवारले लिखित तथा मौखिक परीक्षामा प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवश्यक संख्यालाई सफल उम्मेदवार र त्यसपछिको सबैभन्दा बढी अङ्क प्राप्त गर्नै आवश्यक संख्यालाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट समितिले सफारिस गर्नेछ ।

(८) सफल उम्मेदवारले नतिजा प्रकाशन भएको ७ दिन भित्रमा सम्बन्धित विद्यालयमा गई नियुक्ति लिइसक्नुपर्नेछ । उक्त अवधिभित्र नियुक्ति नबुझेमा वा नबुझ्ने निवेदन दिएमा विद्यालयले बैकल्पिक सूचीमा रहेका निकटतम उम्मेदवारलाई नियुक्ति दिनुपर्नेछ,तर सिफारिस भएको व्यक्तिले १५ दिन भित्रमा कुनै जानकारी बिना व सम्पर्क नगरेमा स्वत वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

(९) नियुक्ति भएको जानकारी सम्बन्धित निकायहरुमा दिई ७ दिन भित्रमा व्यक्तिगत फायल खडा गरी १ प्रति गाउँपालिकामा र १ प्रति शिक्षा विकास तथा समन्वय इकाइ संखुवासभामा बुझाई नियमानुसार तलब भत्ता माग गर्नुपर्नेछ तर गा.पा.बाट सिर्जना भएका दरबन्दीमा नियुक्त शिक्षकहरुको अभिलेख सम्बन्धित तहमा रहनेछ ।



चिचिला गाउँपालिका

(१०) शिक्षक छनौट सम्बन्धमा माथि उल्लेखित बुँदाका अतिरिक्त आकस्मिक रुपमा कुनै विषयमा निर्णय लिनु परेमा ऐन नियमसँग नबाझिने गरी छनौट समितिले निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

(११) चिचिला गाउँपालिकाको स्रोतबाट शिक्षक व्यवस्थापन गरी विद्यालयमा तहगत र विषयगत शिक्षक पुर्ती गरी पठनपाठनलाई निरन्तरता तथा नियमितता दिइ सिकाइ उपलब्धि बृद्धि गर्ने प्रयोजनका लागि शिक्षक नियुक्तिका लागि चिचिला गाउँपालिकाले बिज्ञापन गरेका शिक्षक नियुक्तिको हकमा गाउँपालिकाले विद्यालयगत रुपमा योग्यताक्रमका आधारमा सफल उमेदवारलाई १ बर्षका लागि करारमा नियुक्ति गर्नेछ।

(१२) पदपूर्तिको लागि आव्हान गरिएको पदमा आवेदन दिन चाहने उम्मेदवारले सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता उत्तीर्ण भएको हुनुपर्नेछ । कम्प्युटर विज्ञान र गणित तथा विज्ञान विषयको हकमा बाहेक अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ। कम्प्युटर विज्ञान शिक्षककमा आवेदन दिने उम्मेदवार सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएतापनि मान्यताप्राप्त संस्थाबाट कम्तीमा छ महिने कम्प्युटर फण्डामेण्टलस्, विण्डोज, अफिस प्याकेज, हार्डवेयर एण्ड नेटवर्किङ, डाटाबेस, प्रोग्रामिङ सम्बन्धी कम्प्युटर तालिम लिएकोलाई उम्मेदवारी दिन बाधा परेको मानिने छैन ।

(२) गा.पा.बाट सिर्जना गरिएका शिक्षकहरु करारमा नियुक्त हुनेछन | यसरी नियुक्त भएका शिक्षकहरुको पठनपाठन तथा शैक्षिक गतिविधिको समग्र प्रगति तथा विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा गाउँ शिक्षा समितिले औचित्य कायम रहने मनासिव देखेमा स्रोतको सुनिश्चितता कायम गरी करार नवीकरण गर्न सक्नेछ । तर निजको करारनामा अवधि थप गर्ने वा नगर्ने विषयको अन्तिम निर्णय गाउँ शिक्षा समितिबाट हुनेछ।

## परिच्छेद–७

## विविध

९. **कार्यविधिको व्याख्याः** शिक्षक छनौट सम्बन्धी यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा प्रचलित शिक्षा ऐन, नियमावली र शिक्षक सेवा आयोग नियमावलीको आशय बमोजिम व्याख्या गरिनेछ।

(१) यस अघि यस कार्यालयको अनुमतिमा संचालन भएका शिक्षक छनौटका परीक्षाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आज्ञाले,

**प्रमाणीकरण मितिः** २०७५/०४/०८

रेम्बु चाम्लिङ राई

प्रमुख प्रशासकीय अधिकृत

चिचिला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालयबाट मुद्रित। मूल्य रु ५।-**